# नेपाल नर्सिङ परिषद्,
# बाँसबारी, काठमाडौं

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८३ वैशाख – २०८३ श्रावण




# सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## २०८३ श्रावण मसान्त

**स्वत : प्रकाशन (Proactive Disclosure) तयारिमा संलग्न पदाधिकारीहरु**



**पार्वती बिष्ट**
**रजिष्ट्रार**
**मोबाईल नं**. : 9747859883
**ईमेल** : registrar@nnc.org.np



**रेखा गिरी**
**प्रशासकिय अधिकृत/सुचना अधिकारी**
**मोबाईल नं.:** 9866296619
**ईमेल** : info@nnc.org.np

# स्वतः प्रकाशन
## (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजानिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै नेपाल नर्सिङ परिषद्ले गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस् भन्ने अभिप्रायका साथ यस परिषद्बाट आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

नेपाल नर्सिङ परिषद्
बाँसबारी, काठमाडौं ।
मिति : २०८३ श्रावण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

### नेपाल नर्सिङ परिषद्को स्थापना एवं भूमिका

| | |
|---|---|
| स्थापना :– | नेपाल नर्सिङ परिषद् ऐन, २०५२ बमोजिम २०५३ सालमा स्थापना भएको । |
| उद्देश्य :– | नेपालको नर्सिङ सेवालाई प्रभावकारी बनाई व्यवस्थित एंव वैज्ञानिक ढंगले परिचालन गर्न तथा नर्सहरुको योग्यताअनुसार नाम दर्ता गर्ने समेत व्यवस्था गर्ने । |
| कानूनी हैसियत :– | अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था । |
| कार्यारम्भ :– | यस परिषद्का पदाधिकारीहरुको मनोनयन मिति ०५३।३।३ मा भई मिति ०५३।३।११ देखि परिषद्ले कार्य प्रारम्भ गरेको । |

### परिषद्को काम, कर्तव्य र अधिकार

(क) नर्सिङ व्यवसायलाई सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने,

(ख) नर्सिङ व्यवसायीको योग्यता निर्धारण गरी योग्यता पुगेका नर्सिङ व्यवसायीको दर्ता किताबमा नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिने,

(ग) नर्सिङ व्यवसायीको कार्यसीमा निर्धारण गर्ने,

(घ) नर्सिङ व्यवसायीको व्यवसायिक आचारसंहिता निर्धारण गर्ने र त्यस्तो आचारसंहिता उल्लंघन गर्ने नर्सिङ व्यवसायी उपर कारबाही गर्ने ।

### काठमाडौंको भौगोलिक अवस्थिति र क्षेत्रफल

अक्षांश (Latitude): २७° २७' देखि २७° ४९' उत्तरी अक्षांश

देशान्तर (Longitude): ८५° १०' देखि ८५° ३२' पूर्वी देशान्तर

क्षेत्रफल (Area): ३९५ वर्ग किलोमिटर

समुद्र सतहदेखि उचाइ (Elevation): १,२६२ मिटर देखि २,७३२ मिटर

सबैभन्दा उच्च ठाउँ (Highest Point): शिवपुरी डाँडा (२,७३२ मिटर)

लम्बाई र चौडाई: यो जिल्ला उपत्यकाकार (कचौरा आकार) को क्षेत्रमा फैलिएको हुनाले यसको निश्चित पूर्व-पश्चिम लम्बाई र उत्तर-दक्षिण चौडाई तोकेर भन्दा पनि यो चारैतिर पहाडले घेरिएको उपत्यकाको मुख्य भागमा अवस्थित छ ।

### चार दिशाको जिल्ला सिमाना (Borders)

पूर्व: भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला

पश्चिम: धादिङ र नुवाकोट जिल्ला

उत्तर: नुवाकोट र सिन्धुपाल्चोक जिल्ला

दक्षिण: ललितपुर र मकवानपुर जिल्ला

**प्रशासनिक र जनसाङ्ख्यिक विवरण**

प्रदेश (Province): बागमती प्रदेश

जनसङ्ख्या (Population): २०,४१,५८७ (राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार)

**स्थानीय तहहरूको नाम (Local Bodies)**

काठमाडौँ जिल्लामा जम्मा ११ वटा स्थानीय तहहरू (१ महानगरपालिका र १० नगरपालिकाहरू) रहेका छन् ।

१. काठमाडौँ महानगरपालिका (देशको एकमात्र केन्द्रीय महानगरपालिका)

२. कागेश्वरी मनोहरा नगरपालिका

३. कीर्तिपुर नगरपालिका

४. गोकर्णेश्वर नगरपालिका

५. चन्द्रागिरी नगरपालिका

६. टोखा नगरपालिका

७. तारकेश्वर नगरपालिका

८. नागार्जुन नगरपालिका

९. बुढानीलकण्ठ नगरपालिका

१०. शङ्खरापुर नगरपालिका

११. दक्षिणकाली नगरपालिका

**काठमाडौँ जिल्लाका मुख्य विशेषताहरू**

१. **सङ्घीय राजधानी**: यो नेपालको राष्ट्रिय राजनीति, प्रशासन, अर्थतन्त्र र सञ्चारको मुख्य केन्द्र हो ।

२. **सांस्कृतिक तथा ऐतिहासिक धरोहर**: ऐतिहासिक मल्लकालीन कला, नेवारी संस्कृति, वास्तुकला र जात्राहरू (जस्तैः इन्द्रजात्रा, घोडेजात्रा) को लागि यो जिल्ला विश्वप्रसिद्ध छ ।

३. **विश्व सम्पदा सूची**: यहाँ युनेस्को (UNESCO) द्वारा घोषित विश्व सम्पदा सूचीमा सूचीकृत स्थलहरू जस्तै पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ र काठमाडौँ दरबार स्क्वायर रहेका छन् ।

४. **उच्च जनघनत्व**: यो नेपालकै सबैभन्दा बढी जनघनत्व (Density) र साक्षरता भएको विकासोन्मुख जिल्ला हो ।

५. **निर्वाचन क्षेत्रहरू (Election Constituencies)**

**प्रतिनिधि सभा निर्वाचन क्षेत्र (House of Representatives)**: काठमाडौँ जिल्लामा नेपालकै सबैभन्दा धेरै अर्थात १० वटा निर्वाचन क्षेत्रहरू रहेका छन् ।

**प्रदेश सभा निर्वाचन क्षेत्र (Province Assembly)**: यहाँ जम्मा २० वटा प्रदेश सभा निर्वाचन क्षेत्रहरू पर्दछन् (प्रत्येक प्रतिनिधि सभा क्षेत्रमा २ वटा) ।

६. **प्रमुख नदी र तालहरू (Rivers and Lakes)**

**प्रमुख नदीहरू**: बागमती, विष्णुमती, मनोहरा, धोबीखोला, टुकुचा, रुद्रमती र बल्खु खोला जस्ता पौराणिक तथा ऐतिहासिक नदीहरू यस जिल्ला भएर बग्छन् ।

**उद्गम स्थल**: बागमती नदीको उद्गम स्थल बाग्द्वार र विष्णुमतीको उद्गम स्थल सपनातीर्थ / शिवपुरी डाँडा यसै जिल्लामा पर्दछ ।

**ताल/पोखरी:** कीर्तिपुर नजिकै रहेको ऐतिहासिक टौदह ताल, काठमाडौँ भित्र रहेका रानीपोखरी, नागपोखरी र कमलपोखरी आदि यहाँका ऐतिहासिक जलाशय हुन् ।

७. **प्रमुख पर्यटकीय तथा ऐतिहासिक स्थलहरू (Tourist Destinations)**

काठमाडौँ जिल्लालाई खुल्ला सङ्ग्रहालय पनि भनिन्छ । यहाँका प्रमुख गन्तव्यहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ :

**धार्मिक स्थलहरू**: पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ (मङ्की टेम्पल), बौद्धनाथ स्तूप, बुढानीलकण्ठ मन्दिर, दक्षिणकाली मन्दिर, शोभा भगवती र गुह्येश्वरी मन्दिर ।

**ऐतिहासिक दरबारहरू**: काठमाडौँ दरबार स्क्वायर (हनुमानढोका), नारायणहिटी दरबार सङ्ग्रहालय र सिंहदरबार (नेपाल सरकारको मुख्य प्रशासनिक सचिवालय) ।

८. **प्राकृतिक तथा हिल स्टेशनहरू**:

**चन्द्रागिरी हिल्स**: केवलकार र हिउँ पर्ने मौसमका लागि प्रसिद्ध ।

**शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज**: हाइकिङ, चराचुरुङ्गी र जैविक विविधताका लागि प्रसिद्ध ।

**सुन्दरीजल**: जलविद्युत, झरना र पिकनिकका लागि प्रख्यात ।

**व्यापारिक तथा पर्यटकीय हब**: ठमेल (विदेशी पर्यटकहरूको मुख्य केन्द्र) र न्यूरोड, असन (सबैभन्दा पुरानो र व्यस्त बजार) ।

९. **अन्य केही रोचक तथ्य र विशेषताहरू**

**पहिलो विमानस्थल**: नेपालको एकमात्र पुरानो र पहिलो अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यसै जिल्लामा अवस्थित छ ।

**पहिलो शिक्षालयहरू**: नेपालको पहिलो विद्यालय (दरबार हाईस्कुल), पहिलो कलेज (त्रि- चन्द्र कलेज) र पहिलो विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय) काठमाडौँमै छन् ।

**काष्ठमण्डप**: यो जिल्ला र सहरको नाम एउटै रूखको काठबाट बनेको भनिने ऐतिहासिक काष्ठमण्डप (मरु सत्तल) बाट रहन गएको हो ।

**परिषद्को आ.व. २०८२/०८३ को कार्यहरुको संक्षिप्त विवरण**

(१) ऐन तथा नियमावलीको उद्देश्य कार्यान्वयन गर्नका लागि देहायबमोजिमका समितिहरु गठन गरेको :-

(१) नाम दर्ता परीक्षा समिति
(२) रजिष्ट्रेशन समिति
(३) रिसर्च, एजुकेशन एण्ड पब्लिकेशन समिति
(४) क्वालिटि एशुरेन्स एण्ड मनिटरिङ समिति
(५) ईथिकल समिति
(६) सि.एन.एम.ई/सि.पि.डि. एण्ड एक्रिडिटेसन समिति
(७) खरिद समिति
(८) सिमुलेशन ल्याब डेभलपमेन्ट समिति

(२) २०८३ साल बैशाख १९ गते नेपाल सरकारद्वारा प्रकाशित अध्यादेशबाट नेपाल नर्सिङ परिषद्ले दिने सम्पूर्ण रोकिएका सेवाहरु सुचारु भएको ।

(३) २०५३ साल अर्थात शुरुदेखि २०८३ साल श्रावण २८ गतेसम्म निम्नानुसारका नर्सिङ व्यावसायीको नाम दर्ता गरी प्रमाण-पत्र वितरण गरेको:–

| विवरण | संख्या |
|---|---|
| नर्स | ८८५८३ |
| मिडवाईफ | २६४ |
| विशेषज्ञ नर्स | २०९० |
| अ.न.मी. | ३७६२२ |
| विदेशी नर्स | ८५८ |

(४) नेपाल नर्सिङ परिषद् ऐन, २०५२ लाई समयानुकुल संशोधन गर्न आवश्यक भएकोले सोको संशोधन मस्यौदा तयार गरी नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा पेश गरेको ।

(५) यस परिषद्मा दर्ता हुनु भएका रजिष्टर्ड नर्स, मिडवाईफ र विशेषज्ञ नर्सहरुले नर्सिङ लाइसेन्स नवीकरण र पूनः नाम दर्ता गर्नको लागि **Continuing Nursing and Midwifery Education (CNME) / Continuing Professional Development(CPD)** अनिवार्य गरेको भनि सबै सरोकारवालाहरु स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, चिकित्सा शिक्षा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायत विश्वविद्यालय/प्रतिष्ठान/नर्सिङ शिक्षण संस्था/मेडिकल कलेज/अस्पताल(सबै)लाई पत्राचार गरेको ।

(६) **National Guideline on Continuing Nursing and Midwifery Education (CNME)/Continuing Professional Development(CPD) for Nurses and Midwives** परिषद्को website nnc.org.np मा राखि download गर्न मिल्ने व्यवस्था गरेको ।

(७) **National Guideline on Continuing Nursing and Midwifery Education (CNME)/Continuing Professional Development(CPD) for Nurses and Midwives** परिषद्बाट सातैवटा प्रदेशमा बिज्ञहरुको टोलि पठाई प्रचार प्रशार गरेको ।

(८) मिति २०८३ माघ १ गते देखि **National Guideline on Continuing Nursing and Midwifery Education(CNME)/Continuing Professional Development(CPD) for Nurses and Midwives** लागू गरिने सूचना प्रकाशन गरेको ।

(९) आ.व. २०८२/२०८३ मा परिषद्मा आवश्यक गाडी लगायत अन्य सामाग्राी खरिद गरेको ।

(१०) पछिल्लो आवश्यकतालाई मध्यनजर गरि आ.व. २०८२/२०८३ मा परिषद्ले नयाँ वेभसाईड बनाएको ।

(११) नेपाल नर्सिङ परिषद्बाट नियमित सञ्चालन गर्दै आईरहेको नाम दर्ता परीक्षा (Licensing Examination) २०८३ सालको लागि प्रस्तावित वार्षिक कार्यतालिका उल्लिखित मितिहरुमा संचालन हुने निर्णय गरिएको ।

प्रविणता प्रमाण–पत्र तह नर्सिङ, बि.एस्सी.नर्सिङ, बि.एम.एस र विशेषज्ञ नर्सिङ

- २०८३ साल श्रावण २५,२६,२७ र २८ गते
- २०८३ साल मंसीर २५,२६,२७ र २८ गते
- २०८३ साल चैत्र २५,२६,२७,२८ र २९ गते

(१२) यस परिषद्को नाम दर्ता परीक्षाको बार्षिक क्यालेन्डर अनुसार यहि मिति २०८३ साल साउन २६ गते देखि ऐ २७ गते सम्म प्रविणता प्रमाण पत्र तह नर्सिङ, बि.एस्सी. नर्सिङ, विशेषज्ञ नर्स र बि.एम.एसको लाईसेन्स परीक्षा इञ्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र, पुल्चोक, ललितपुरमा कम्प्यूटर माध्यमद्वारा परीक्षा लिने र उक्त परीक्षा तल उल्लिखित तालिका बमोजीम हुने व्यहोरा सबैलाई जानकारी गराईयो । साथै, BMS को प्रयोगात्मक परीक्षा मिति २०८३।०४।२४ र ऐ २५ गते नेपाल नर्सिङ परिषद्मा गर्ने निर्णय गरियो । साथै, परीक्षाको तालिका निम्नानुसार हुने निर्णय गरिएको ।

| S.No. | Exam Date | Shift | Time | Work Schedule | Total Students | Total |
|---|---|---|---|---|---|---|
| 1. | 2083/ 04/24 (2026/08/09) | 1st shift | 8:00 AM -12:00PM | BMS Practical | **19** (83140001-83140019) | |
| | | 2nd shift | 1:00 PM - 5:00 PM | | **19** (83140020-83140038) | |
| 2. | 2083/ 04/25 (2026/08/10) | 1st shift | 8:00 AM -12:00PM | BMS Practical | **18** (83140039-83140056) | |
| | | 2nd shift | 1:00 PM - 5:00 PM | | **18** (83140057-83140074) | |
| 3. | 2083/ 04/26 (2026/08/11) | 1st shift | 9:00AM -11:30AM | PCL Nursing and BMS | PCL Nursing. - 270<br>BMS - 60 | 330 |
| | | 2nd shift | 12:30PM -3:00PM | MN/M.Sc Nursing and PCL Nursing | MN/M.Sc Nursing - 169<br>PCL Nursing - 161 | 330 |
| 4. | 2083/ 04/27 (2026/08/12) | 1st shift | 9:00AM -11:30AM | B.Sc. Nursing and PCL Nursing | B.Sc. Nursing. - 278<br>PCL Nursing - 52 | 330 |
| | | 2nd shift | 12:30PM -3:00PM | PCL Nursing | PCL Nursing - 323 | 323 |
| Total No. of Students | | | | | | 1313 |

(१३) यस परिषद्ले BMS को प्रयोगात्मक परीक्षा मिति २०८३।०४।२४ र ऐ २५ गते नेपाल नर्सिङ परिषद् भवनमा सम्पन्न गरि नाम दर्ता परीक्षाको बार्षिक क्यालेन्डर अनुसार यहि मिति २०८३ साल साउन २६ गते देखि ऐ २७ गते जम्मा ४ सिफ्टमा प्रविणता प्रमाण पत्र तह नर्सिङ, बि.एस्सी.नर्सिङ, बि.एम.एस. र विशेषज्ञ नर्सको इञ्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र, पुल्चोक, ललितपुरमा कम्प्यूटर विधिद्वारा परीक्षा सम्पन्न गरि तपसिलमा उल्लिखित नतिजा नाम दर्ता परीक्षा समितिले प्रकाशित गरि उतिर्ण भएका प्रविणता प्रमाण पत्र तह नर्सिङ, बि.एस्सी.नर्सिङ, बि.एम.एस. र विशेषज्ञ नर्सहरुको २६४औं लिष्टबमोजिमको नाम दर्ता किताबमा नाम दर्ता गरिएको ।

| **सि.नं.** | **कार्यक्रम** | **कूल विद्यार्थी संख्या** | **अनुपस्थित** | **सहभागि विद्यार्थी संख्या** | **उत्तिर्ण** | **अनुत्तिर्ण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १. | प्रविणता प्रमाण–पत्र तह नर्सिङ | ८०७ | २२ | ७८५ | २०४ | ५८० | २५.९८ % |
| २. | बि.एस्सी. नर्सिङ | २७८ | ३ | २७५ | १४७ | १२८ | ५३.४५% |
| ३. | एम.एन/एम.एस्सी नर्सिङ | १६९ | ४ | १६५ | १३४ | ३१ | ८१.२१% |
| ४. | बि.एम.एस | ७४ | – | ७४ | ६९ | ५* | ९३.२४% |

नोटः बि.एम.एस मा प्रयोगात्मक अभ्यास र सैद्धान्तिक दुवै विषयमा उत्तिर्ण हुनुपर्नेछ ।
* ५जना प्रयोगात्मक परीक्षामा अनुतिर्ण ।

# नेपाल नर्सिङ परिषद् संगठन संरचना



## सेवामा रहने तह, पदनाम, दरबन्दी संख्या र न्यूनतम योग्यता

| सि.नं. | पदनाम | तह | दरबन्दी संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १. | प्रशासकिय अधिकृत | अधिकृत तृतीय | १(एक) | मानविकी तथा सामजिकशास्त्र वा वाणिज्य वा विज्ञान वा कानून वा शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| २. | लेखा अधिकृत | अधिकृत तृतीय | १(एक) | वाणिज्य वा अर्थशास्त्रमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको |
| ३. | कम्प्युटर सहायक | सहायक द्वितीय वा प्रथम श्रेणी | १(एक) | एस.एल.सी. वा सो सरह उत्तीण वा मानविकी तथा समाजिकशास्त्र वा वाणिज्य वा विज्ञान वा कानून वा शिक्षा शास्त्रमा कम्तीमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सञ्चालन सम्बन्धी कम्तीमा ६ महिनाको तालिम पाएको वा कम्प्युटर डिप्लोमा गरेको । |
| ४. | बरिष्ठ कार्यालय सहायक | सहायक द्वितीय वा प्रथम श्रेणी | १(एक) | मानविकी तथा समाजिकशास्त्र वा वाणिज्य वा विज्ञान वा कानून वा शिक्षा शास्त्रमा कम्तीमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ५. | कार्यालय सहायक (स्टोर, लेखा, खरिदार) | सहायक द्वितीय श्रेणी | ३(तीन) | एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ६. | हलुका सवारी चालक | श्रेणीविहिन | १(एक) | साधारण लेखपढ गर्न जान्ने भई सवारी चालकको इजाजजतपत्र प्राप्त गरेको । |
| ७. | परिचर | श्रेणीविहिन | २(एक) | साधारण लेखपढ गर्न जान्ने । |
| ८. | पाले | श्रेणीविहिन | १(एक) | साधारण लेखपढ गर्न जान्ने । |
| ९. | स्वीपर | श्रेणीविहिन | १(एक) | साधारण लेखपढ गर्न जान्ने । |

**कार्यरत कर्मचारीहरु**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री रेखा गिरी | प्रशासकिय अधिकृत | 9841399163 | |
| २. | श्री दिर्घ श्रेष्ठ बि.सी. | लेखा अधिकृत | 9841467724 | |
| ३. | श्री शैलेन्द्र ढकाल | खरिदार | 9841565051 | |
| ४. | श्री मालती राई | खरिदार | 9860557985 | |
| ५. | श्री सबिता निरौला | खरिदार | 9864112325 | |
| ६. | श्री उत्तरा धिमाल | खरिदार | 9841164869 | |
| ७. | श्री दिपक प्रशाद शर्मा | सवारी चालक | 9849701146 | |
| ८. | श्री कान्छा चित्रकार | कार्यालय सहयोगी | 9841761732 | |

**करारमा कार्यरत कर्मचारीहरु**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | सुनिमाया घिसीङ | खरिदार | 9841983658 | |
| २. | अनिता श्रेष्ठ | खरिदार | 9862733271 | |
| ३. | प्रकाश थापा मगर | खरिदार | 9808019364 | |
| ४. | मिना कुमारी चौधरी | कार्यालय सहयोगी | 9818450267 | |
| ५. | पवित्र कार्की | कार्यालय सहयोगी | 9861366581 | |
| ६. | बिक्रान्त महतो | सवारी चालक | 9745328220 | |
| ७. | हस्त बहादुर देउला | कार्यालय सहयोगी | 9864478454 | |

**परिषद्को भावी कार्य योजना**

(१) नर्सिङ परिषद्का विभिन्न समितिका बैठकहरु समयमा संचालन गरी नर्सिङ पेशाको गुणस्तर सुधारको लागी आवश्यक काम कारवाही अघी बढाउँने ।

(२) पून: नाम दर्ता, नविकरण र बिदेश पठाउँने भेरिफकेशन र गुड स्टान्डीङ लेटर अनलाईन मार्फत गर्ने ।

(३) नागरिक App मा परिषद्ले जारी गरेको दर्तावाला नर्सको प्रमाण–पत्र राख्ने ।

(४) नाम दर्ता परीक्षामा उत्तिर्ण विद्यार्थीहरुको नतिजा विशलेषण गरि सम्बन्धीत निकायलाई पृष्ठपोषण गर्ने ।

**नेपाल नर्सिङ परिषद्, बाँसबारी, काठमाडौं । फोन नं. +९७७–१–४३७२५२१**
**ईमेल : verification@nnc.org.np(forverification), info@nnc.org.np**
**वेभसाइट : www.nnc.org.np**